1

अध्यक्ष पुष्पराज शर्मा द्धारा प्रस्तुत

# आर्थिक वर्ष २०७५/०७६ को

## नीति तथा कार्यक्रम

तुर्माखाँद गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
तुर्माखाँद, अछाम
७ नंप्रदेश, नेपाल

**यस सम्मानित सभाका सभाध्यक्ष ज्यू,**
**गाउँ सभाका  सदस्यज्यूहरु,**

गाउँ कार्यपालिकाको  कार्यालयमा कार्यरत कर्मचारी मित्रहरु।
सर्बप्रथम म यो गाउँसभाबाट तुर्माखाँद गाउँपालिकाको नीति तथा कार्यक्रम औपचारिक रुपमा प्रस्तुतीकरण गर्नु पुर्व नेपाली जनताको सार्बभौम सत्ता सम्पन्न गराउन जनताको मुक्ती स्वतन्त्रता, न्याय र संघिय लोक तान्त्रिक गणतन्त्र स्थापनाका लागि भएका आन्दोलन र संघर्षहरुमा आफ्नो जीबन उत्सर्ग गर्ने समस्त ज्ञात अज्ञात सहिदहरुलाइ हृदयदेखी स्मरण गर्दै हार्दिक श्रर्दान्जली अर्पण गर्दछु । संघिय लोकतान्त्रिक गणतन्त्रको लागी अगुवाई गर्नु हुने सम्पूर्ण अग्रजहरुको उच्च मुल्यांकन गर्दै आभार व्यक्त गर्न चाहन्छु।स्थानीय सरकार संचालनको लगभग १ बर्षको अभ्यास पछिको समयमा हामी यहाँ उपस्थित भएका छौं।आजसम्मको स्थानीय सरकार संचालनको अभ्यास गर्दा जनप्रतिनिधीहरु,कर्मचारीहरु,राजनितिक दलका प्रतिनिधीहरु,शिक्षकहरु,विद्यार्थीहरु,पत्रकारहरु र स्थानीय सर्वसाधारणले पुर्याएको सहयोगप्रति सबैमा हृदयदेखि नै धन्यवाद दिन चाहान्छु।आगामी दिनमा पनि गाउँपालिकाले गर्ने काममा यस्तै सहयोग,सुझाव,चासो,चिन्ता र खबरदारीको अपेक्षा गर्दछु।
हालसम्मको हाम्रो कामको मुल्यांकन गर्ने जिम्मा आम जनसमुदायकै हो।कामको मुल्यांकन निरन्तर गरिरहनु भएकै पनि होला।विभिन्न राजनैतिक दलका पदाधिकारीहरु,नागरिक समाजका अगुवाहरु,गैर सरकारी संस्थाका प्रतिनिधिहरु,पत्रकार बन्धुहरु,बुद्धिजीवी वर्गहरु लगायतका अन्य सम्पूर्ण सरोकावालाहरुले व्यक्त गर्नु भएको विचारका आधारमा केही कमी कमजोरीका बावजुत समग्र क्रियाकलापहरु सन्तोषजनक पाइएको छ।यसले हामीलाई थप हौसला प्रदान गरेको अनुभूति भएको छ।
यति हुँदाहुदै पनि नयाँ संरचना र नयाँ अनुभवले गर्दा आर्थिक बर्ष २०७४।०७५ का योजना तथा कार्यक्रमहरुको प्रतिफलमा पुरै ढुक्क र सफल हुन नसकेको कुरालाई हामी स्वीकार गर्दै कमिकमजोरीहरुलाई आगामी दिनहरुमा सच्याउदै सामुहिक अभ्यासले सुधारका उपायहरुको खोजी गर्न पनि सचेत बनाएको छ।
भौतिक पूर्वाधार,आर्थिक,सामाजिक र साँस्कृतिक विकासमा कसरी जनतालाई महशुस गर्न सकिने नतिजा दिन सकिन्छ भन्ने सवालमा हाम्रो चिन्ता र चासो रहेको छ।राज्य पुनःसंरचनासँगै भएको परिवर्तन अनुरुप दैनिक प्रशासनिक सेवालाई कसरी छिटो, छरितो,सरल र नागरिक मैत्री बनाउन सकिन्छ? नयाँ व्यवस्था अनुसार स्थानीय सरकार संचालन गर्न चाहिने अधिकार क्षेत्र भित्रका  कानून,कार्यविधि तर्जुमा गरी गाउँपालिकालाई कानूनको शासनको मर्म अनुरुप व्यवस्थित पद्धति र प्रणालीमा अघि बढाउन सकिन्छ । जनताका विकास र समृद्धिको पक्षमा प्रकट भएका असंख्य इच्छा आकांक्षा कसरी संम्बोधन

गर्न सकिन्छ ।जस्ता सवालहरुलाई मध्य नजर गर्दै समग्र तुर्माखाँद गाउँपालिका वासी जनताको बिश्वास र मन जित्ने गरि संचालन गर्ने र हरेक समस्याको समाधान दिन सक्ने गरि सशक्त बनाउन यो तुर्माखाँद गाउँपालिका परिवार अथक प्रयास गर्नेछ।हामीले गत आर्थिक बर्षको नीति तथा कार्यक्रम र बजेट कार्यान्वयन सँगै प्राप्त गरेका अनुभव र यस बीचमा सरोकारवालाहरुबाट प्राप्त भएका राय सुझाव,हाम्रा अवसरहरु,चुनौतीहरु,सबल पक्षहरु र सुधार गर्नु पर्ने पक्षहरुको गहिरो विश्लेषण गरि आगामी नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ ।

नीति तथा कार्यक्रम तयार गर्दा संघीय सरकार र प्रदेश सरकारको नीति तथा कार्यक्रम,नेपालको वर्तमान संविधान,हाल कार्यान्वयनमा रहेको चौधौ त्रि वर्षीय योजना, नेपाल सरकारले अन्तराष्ट्रिय तहमा जनाएको प्रतिवद्धता, विकासका समसामयिक विषयहरु आदिलाई पृष्ठभूमी बनाई गाउँपालिकाको आर्थिक बर्ष २०७५।०७६को नीति तथा कार्यक्रम प्रस्तुत गरिएको छ।

**<u>गाउँपालिकाका मूलभूत नीतिहरुः</u>**

- तुर्माखाँद गाउँपालिका जनताको निकटवर्ती सरकार हो।यो सरकार गाउँपालिका बासी जनताको सेवा सुरक्षा समृद्धि शान्ती सुशासन सामाजिक न्यायको लागि जनताले हामीलाई गरेको विश्वासको परिणाम हो।यसबाट विचलित गराउन खोज्ने र जनताको आकांक्षामा तुसारापात गर्न खोज्ने नकारात्मक प्रवृत्तिहरुलाई निरुत्साहित गर्न हामी सदैव सचेत छौं।
- जनताको आवाज,छनौट र अधिकारको कदर,व्यापक जनसहभागिता,शासन संचालन र सेवा प्रवाहमा पारदर्शिता,उत्तरदायित्व,भ्रष्टाचारमुक्त समाज,सभ्य र सु संस्कृत समाज,गरीब,विपन्न,कमजोर बर्गको संरक्षण,सशक्तिकरण,विकास,सकारात्मक सोचाई,आपसी सहयोग,सहिष्णुता र एकताको भावना सहित"सम्मन्नुत तुर्माखाँद,समृद्ध तुर्माखाँद" यस गाउँपालिकाको आदर्श हुनेछ।
- सबैको कल्याण र हित जहाँ हुन्छ त्यहाँ भगवानपनि खुसी हुन्छन भन्ने नेपाली समाजको मान्यतालाई हामी जोड दिनेछौं।हामी २।४ जना व्यक्तिहरुको समृद्धि र उन्नती मात्र भन्दा पनि समग्र तुर्माखाँद गाउँपालिका वासी जनताको समृद्धि हेर्न चाहन्छौ।"सबै प्रकारका भेदभाव,शोषण र अन्यायको अन्त्य र न्यायको प्राप्ती सबैको लागि समृद्धि" यस गाउँपालिकाको मूल नीति हुनेछ।अवसरमा पछि परेका व्यक्ति र समुदायलाई अगाडि ल्याउन गाउँपालिका दृढ रहनेछ।
- आफ्नो उन्नतीको लागि आफैबाट पहल गरौं,हामी बाटो देखाउछौ तपाईहरु अघि बढ्नुहोस" भन्ने मूल नीति अनुरुप कृषि,पशुपालन,लघु उद्यम,पर्यटन जस्ता क्षेत्रमा विशेष जोड दिदै जनताको आयस्तर बढाउदै गरिबी घटाउन जोड दिइनेछ।

- जनसहभागिता गाउँपालिकाको विशिष्ट पहिचानको रुपमा रहेकाले त्यसलाई कायम राख्न हरेक महिनाको १ दिन जनप्रतिनिधि,शिक्षक,कर्मचारीको अगुवाईमा विकासका कार्यमा जनसहभागिता परिचालनको नीति लिइनेछ।
- योजना संचालनका लागि गठित उपभोक्ता समितिहरुलाई सामुहिक अभिमुखिकरण गराएपछि मात्र योजना सम्झौता गरिनेछ र त्यसपछि मात्र काम गर्न दिइनेछ।
- जनताहरुलाई उत्पादन र श्रमसँग जोड्दै उद्यमी बनाउन जोड दिने नीति लिइनेछ।
- गाउँपालिका क्षेत्रभित्र बिकासका कृयाकलापहरु स्थानीय सरकार, प्रदेश सरकार ,संघिय सरकार र अन्य गैरसरकारी सस्थाहरु संगको साझेदारी र सहकार्यमा संचालन गर्ने हेतुले समपुरक कोषको स्थापना गरिने छ ।
- गाउँपालिका क्षेत्रभित्र हुने बिपद व्यबस्थापन सम्बन्धमा स्थानीय सरकार, प्रदेश सरकार ,संघिय सरकार र अन्य गैरसरकारी सस्थाहरुसंग सहकार्य समन्वय गरी आवश्यक रकम व्यबस्था गरी गाउँपालिकामा विपद् व्यबस्थापन कोष खडा गरिनेछ
- यस तुर्माखाँद गाउँपालिकामा भैपरी आउने बिभिन्न किसिमका समस्या समाधानका लागि एउटा आकस्मिक कोष खडा गरिने छ ।
- यस तुर्माखाँद गाउँपालिकामा बन तथा भु संरक्षण, जलाधार संरक्षण, जलबायु परिबर्तन, जल उत्पन्न प्रकोप नियन्त्रण,फोहरमैला व्यबस्थापन, विपद व्यबस्थापन बरुणयन्त्र संचालन जस्ता कार्यक्रम समेट्ने गरी बन तथा बातावरण समिति रहनेछ

**क्षेत्र गत नीतिहरुः**

## आर्थिक विकासः

- गाउँपालिकामा आलु खेती ,सुन्तला खेती, मसला खेती, भटमास,कोदो लगायतका सम्भावना भएका खेतीको अध्ययन गरी सो को प्रर्वद्धन गर्न एथेष्ट प्रवन्ध मिलाइनेछ।
- परम्परागत टुक्रे र निर्वाहमुखि उत्पादन भन्दा व्यवसायिक उत्पादन गर्ने यान्त्रीकीकरण,आधुनिक प्रविधि सिंचाई कृषी उपज संकलन केन्द्र स्थापना र बजार व्यवस्थापनमा जोड दिँदै कृषि हाम्रो जिउने आधार रोजगारीको आधार र पहिचानको आधार भन्ने मर्म अनुरुप अघि बढ्ने नीति लिइनेछ।
- सहकारी खेती र सामूहिक खेती पद्धतिमा जोड दिँदै जग्गा बाँझो राख्ने प्रवृत्तिलाई निरुत्साहित गरिनेछ।
- कृषी क्षेत्रको विकासका लागि किसानहरुलाई आवश्यक तालिम तथा औजार प्रदान गरिनेछ।
- विचौलियाहरुलाई निरुत्साहित गरी कृषि उपजको न्यायोचित मूल्य कायम गर्न जोड दिइनेछ।

- सहकारी क्षेत्रको विकासका लागि सहकारीहरुलाई सहकारी व्यवस्थापनको लागि तालिमको बन्दोबस्त गराइनेछ।
- पशुपालनलाई आधुनिकिकरण गर्न र व्यवसायमुखी बनाउदै मासु दुग्ध र अण्डा उत्पादनमा आत्मनिर्भर बनाइनेछ।
- स्थानीय जातका बाख्राको नश्ल सुधार गरी मासुमा आत्म निर्भर बनाइनेछ।
- उन्नत जातका बर्षे, हिउदे र बहुबर्षीय घाँस खेतीको विस्तार गरिनेछ।

**सामाजिक विकासः**

- गाउँपालिका क्षेत्र भित्रका विद्यालयहरुमा भौतिक पुर्वाधार विकासका लागि एक वार्ड एक नमूना विद्यालय भवनको निर्माणको लागि आवश्यक व्यवस्था मिलाइनेछ।
- आधारभूत तहको शिक्षालाई व्यबस्थित र गुणस्तरीयता कायम गर्नको लागि शिक्षकको क्षमता अभिबृद्धि तालिममाको व्यबस्थापन गरिनेछ ।
- विद्यार्थी संख्या न्यून भएका विद्यालयहरुलाई सरोकारवालाहरु सँगको छलफलबाट बिद्दालयहरु एक आपसमा गाभिने व्यबस्था तथा कक्षा घटाउने सन्दर्भमा प्रकृया अघि बढाइनेछ।
- विद्यालयमा प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षको नेतृत्व क्षमता अभिबृद्धि गर्न नेतृत्व विकास सम्बन्धी तालिमको व्ववस्था गरिनेछ।
- उत्कृष्ट सिकाई उपलब्धी हाँसिल गर्ने विद्यालयहरुलाई प्रोत्साहान गर्ने तथा न्यून सिकाई उपलब्धी भएका विद्यालयलाई सिकाई उपलब्धी बृद्धि गर्न उत्प्रेरित गर्ने नीति लिइनेछ।
- शिक्षक दरबन्दी न्यून भएका विद्यालयहरुमा दरबन्दी थप गर्न आवश्यक पहल गरिनेछ।स्थानीय स्रोतबाट खर्च बेहोर्ने गरी विद्यालयमा नियुक्ति भएका शिक्षकको तलब भत्ता व्यवस्थापनको लागि आवश्यकता र औचित्यका आधारमा अनुदानको व्यवस्था गर्न मापदण्ड र कार्यबिधि बनाइ बिशेष पहल गरिनेछ।
- SEE परीक्षामा सर्वोत्कृष्ट अंक हासिल गर्ने दलित, अपाङ्ग तथा अन्य वर्गका विद्यार्थीहरुलाई प्रोत्साहन स्वरुप छात्रवृत्तीको व्यवस्था मिलाइनेछ।
- गुणस्तरीय स्वास्थ्य सेवामा सबैको पहुँच पुग्ने गरी प्रभावकारी स्वास्थ्य सेवा उपलब्ध गराइनेछ।
- पोषणयुक्त खाने कुराको बारेमा चेतना बढाउदै पोषण कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ।
- स्वास्थ्य क्षेत्रमा स्थानीय सरकार र गैरसरकारी क्षेत्रको समन्वय एवम सहकार्यलाई अघि बढाइनेछ।

- खोप तथा रेबिज रोगको उपचार गर्न गाउँपालिका बाहिर जानु पर्ने बाध्यतालाइ अन्त्य गर्दै रेबिज रोगको उपचार गर्नका लागि तुर्माखाँद गाउँपालिकाको केन्द्रमा रहेको स्वास्थ्य चौकीमा रेबिजको उपचारको व्यवस्था मिलाइनेछ।
- यस गाउँपालिकामा ग्रामिण क्षेत्रमा सरसफाई र स्वास्थ्य क्षेत्रमा जागरण ल्याउन निश्चित मापदण्ड बनाई स्वास्थ्यकर्मीहरुलाई परिचालन गरिनेछ।
- तुर्माखाँद गाउँपालिका अन्तर्गतका सबै क्षेत्रका जनताको खानेपानीमा पहुँच पुर्याउन ग्रामीण जलस्रोत व्यवस्थापन परियोजनासँग सहकार्य र समन्वय गरिनेछ।
- महिला,बालबालिका,ज्येष्ठ नागरिक,अपाङ्गता भएका व्यक्ति,दलित,आदिवासी जनजाती लगायतका वर्गको क्षमता अभिबृद्धि गरी सशक्तिकरण गर्न विशेष पहल गरिनेछ।
- सामुदायिक बिद्यालयहरुमा शैक्षिक गुणस्तर सुधार गर्न यस गाउँपालिका भित्र विध्यालय क्षेत्रसुधार बिशेष परियोजना संचालन गरिने नीति कार्यक्रम तर्जुमा गरिनेछ
- सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणालीलाइ आधुनिकीकरण र व्यबस्थित गराइने छ ।
- बालमैत्री स्थानीय शासनका मुलभुत आधारभुत सिद्दान्तलाइ आत्मसाथ गर्दै बाल बचाउ, बालसंरक्षण र अर्थपुर्ण बाल सहभागिता सम्बन्धी सवालहरुलाइ मुल प्रबाहीकरण गर्न कार्यक्रम तर्जुमा गरिने छ ।
- मदिरा तथा धुम्रपानजन्य पदार्थ बेचबिखन तथा सेवन कार्यलाइ नियन्त्रण र निरुत्साहित गर्न बिशेष मापदण्ड तथा कार्यबिधि बनाइ लागु गरिने छ ।
- स्वास्थ सम्बन्धी जनचेतना फैलाउदै नागरिक स्वास्थ बिमा कार्यक्रममा आबद्ध हुन समग्र तुर्माखाँद गाउँपालिका बासीलाइ प्रोत्साहन गरिने छ ।
- सुकुम्बासीको समस्या समाधान गर्न सुकुम्बासीको तथ्याङक संकलन गरि आवश्यक व्यबस्था गर्न पहल गरिने छ ।

# पूर्वाधार विकासः

गाउँपालिका अन्तर्गतका सडक स्तर उन्नती गर्ने र आवश्यकता तथा औचित्यको आधारमा मात्र नयाँ ट्र्याक खोलिनेछ।गाउँपालिका केन्द्रबाट वडा कार्यालयसम्म जोड्ने सडक र गाउँपालिकाबाट सदरमुकाम जोड्ने सडकलाई प्रमुख प्राथमिकता राखि कार्य अगाडि बढाइनेछ। सडकको स्तर निर्धारण गरी त्यसको लम्वाई चौडाइको मापदण्ड निर्धारण गरिनेछ।गाउँपालिकामा सूचिकृत भएका डोजरहरुको मात्र प्रयोग गर्ने र डोजर भाडादर निर्धारण गर्ने नीति लिइनेछ।

स्थानीय सरकार नजिकको सरकार जनताको सुख दुखमा सामिप्यता राख्दछ भन्ने धारणा लाइ मुर्त रुप दिन बाढि, पहीरो, भुक्षय, आगलागी, भुकम्प बाट हुने बिपदको न्युनिकरण गर्न बिपदको पुर्ब तयारी र प्रतीकार्य गर्न बिपद ब्यबस्थापन कोष खडा गरिने छ ।बिपदको

प्रकृति क्षतिको अबस्था र अन्य बस्तुगत पक्षको बिष्लेषण गरी बिपद ब्यबस्थापन कार्यबिधि बमोजीम बिपदको अबस्थामा राहातको ब्यबस्था गर्ने नीति लिइने छ ।बिपद ब्यबस्थापनमा रेडक्रस स्थानिय कलबहरु गै स स र अन्य संघ संस्थाहरु र सरकारसंग समन्वय गरी । बिपद आइपर्दा न्युनतम सेवाको ब्यबस्थापन गरिने छ।

तुर्माखाँद गाँउपालिकाको परिचय नै हरियाली बन क्षेत्र हो ।बन क्षेत्रको संरक्षण गर्ने दिगो उपयोग गर्ने पक्षलाइ प्राथमिकताको साथ अघि बढाइने छ ।सामुदायिक बनको घेराबार र संरक्षणलाइ जोड दिइने छ।खुल्ला ठाँउ भुक्षय प्रभाबित क्षेत्रमा बृक्षारोपण गर्न प्राथमिकता दिइने छ । कृषि बनको अबधारणा बमोजिम बनभित्र अलैची, चिराइतो,टिमुर लगायतका अन्य जडीबुटी तथा नगदे बाली र जडीबुटीहरुको उत्पादनमा जोड दिइने छ । बन फडानी गर्ने र अबैध रुपमा रुख कटानी बन्य जन्तुको सिकार गर्ने ब्यक्ति र समुहलाइ कानुनको दायरामा ल्याइ कानुन बमोजीम कारर्बाही गरिने छ ।बन क्षेत्रमा रहेका बहुमुल्य जडीबुटी र बन्यजन्तु संरक्षण नीति कार्यान्यनमा ल्याइनेछ । बन क्षेत्रमा खानी संचालनमा निरुत्साहित गरिने छ । बिकासको क्रममा बन क्षेत्रमा पर्ने प्रभाबलाइ समेत मध्यनजर गरि दिगो बिकासको अबधारणा बमोजिम अघी बढ्ने नीति लिइने छ ।

## संस्थागत बिकास सेवा प्रबाह र सुशासन

- ✓ सार्वाजनिक सेवा प्रबाहलाइ नागरिक मैत्री बनाउन गाउँपालिका कार्यालय, वडा कार्यालयहरु बिषयगत शाखाहरु, स्वास्थ्य संस्थाहरुको संस्थागत क्षमता बिकासमा जोड दिइनेछ ।
- ✓ कर्मचारीहरुलाइ उत्प्रेरित भएर काम गर्ने वातावरणा सृजना गर्न सेवा सुबिधा, तालिम अभिमुखीकरणमा जोड दिइने छ ।
- ✓ कर्मचारी तथा कर्मचारी जनप्रतिनिधिहरु बिचको समन्वयलाइ जोड दिदै सुमधुर सम्बन्ध कायम गर्न जोड दिइनेछ ।
- ✓ कर्मचारीहरुको कार्य सम्पादनको उचित र बस्तुगत मूल्याङ्कन गरी उत्कृष्ट काम गर्ने कर्मचारीहरुलाइ पुरस्कृत गर्ने नीति लिइने छ ।
- ✓ गाउँपालिकामा व्यक्तिगत घटना दर्ता र सामाजिक सुरक्षाको उचित व्यबस्थापनको लागि कार्यक्रम संचालन गर्न जोड दिइनेछ ।
- ✓ न्यायिक समिति मार्फत न्याय सम्पादन गर्न क्षमता बिकास तथा मेलमिलाप र मध्यस्तता केन्द्रहरु स्थापना गरिने छ ।
- ✓ एकिकृत सम्पती कर प्रणाली व्यबस्थित गरी राजश्व संकलनको दायरा फराकिलो पारिनेछ ।
- ✓ समग्र तुर्माखाँद गाउँपालिकामा जनताको गुनासोलाइ समयमै सुनुवाइ गरी सेवा प्रबाहलाइ प्रभावकारी बनाउन **जनतासंग अध्यक्ष** कार्यक्रम संचालन गरिने छ ।

**शुशासन तथा संस्थागत विकास**

मानब संशाधन बिकास, सूचना तथा अभिलेखन व्यबस्थापन सूशासन, बिकास, इकाइ स्थापना बिधुतिय शासन क्षमता विकासमा जोड दिदै संस्थागत क्षमता बिकास, राजश्व परिचालन, बित्तीय व्यबस्थापन, बित्तीय जोखिम न्युनिकरण, सार्बजनिक सुनुवाइ, सामाजिक परिक्षण, आन्तरिक र अन्तिम लेखा परिक्षण, बेरुजु फर्छ्योट, सेवा प्रवाहका मापदण्ड निर्धारण सेवा प्रवाहमा बिधुतीय प्रबिधिको प्रयोग, नागरिकको संतुष्टीको सर्बेक्षण र अन्तरनिकाय समन्वय जस्ता क्षेत्र समावेश गर्ने ।

**आब २०७५।०७६ को नीति तथा कार्यक्रमको उत्तरार्धमा पुगी रहदा नीति तथा कार्यक्रम बनाउन सहयोग पुर्याउनु हुने गाउँ सभा, गाउँ कार्यपालिका, वडासमितिका पदाधिकारी ज्युहरु, राजश्व परामर्श समिति, स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति, नीती तथा कार्यक्रम तर्जुमा समिति, लगायत सम्पुर्ण बिषयगत समितिका पदाधिकारी ज्यूहरु, वडा बस्ती स्तरीय टोल भेला देखि सहभागी भइ आयोजना कार्यक्रम छनौटमा प्रत्यक्ष र परोक्ष रुपले सकृय सहभागीता जनाइ सुझाव सल्लाह दिने राजनीतिक दल, नागरिक समाज,सम्पुर्ण जनसमुदाय तथा नीति तथा कार्यक्रम निर्माण प्रकृयामा अहोरात्र खटी रहनु भएका कर्मचारी ज्यूहरु लगायत सहभागी हुनु हुने एव अमुल्य सुझाव सल्लाह दिइ सहयोग गर्नु हुन सम्पुर्ण प्रति हार्दिक आभार व्यक्त गर्दछु ।**

**अन्त्यमा गाउँपालिकाले लिएको यस नीति तथा कार्यक्रमले आर्थिक, सामाजिक बिकासको माध्यमबाट गाउँपालिकालाइ समुन्नत र सुदृढ बनाउन नमुना रुपमा बिकास गर्न आधार निर्माण गर्ने छ भन्ने अपेक्षा राख्दै समग्र तुर्माखाँद गाउँपालिका बासी आम जनताहरुमा सकारात्मक सोचका साथ आ आफ्नो क्षेत्रबाट सहयोगको लागि हार्दिक अपिल गर्दछु ।**

# धन्यवाद